# सिपमूलक पाठ्यक्रम विकासमा राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठानको मौजुदा अभ्यास

नारायणप्रसाद निरौला
शाखा अधिकृत (शिक्षा)
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
भैंसेपाटी, ललितपुर ।




सेवा




सेउपाखा




जोजोलप्पा




झोर्ले





छ्यजोलो




सेवारो




टासिदेलेक




नमस्कार




गोड लगौछी




फ्याफुल्ला

# विषय प्रवेश

देशमा विद्यमान गरीबी र बेरोजगारीमा रहेका व्यक्तिहरूको आर्थिक स्तर उकास्न सहयोग गर्ने उद्देश्यले सिपमूलक तालिम प्रदान गर्नका लागि आर्थिक वर्ष २०३३।०३४ देखि श्रम विभाग अन्तर्गत **केश कर्तन तालिम केन्द्र** पुतलीसडकमा स्थापना ।

पुतलीसडकबाट नयाँ बानेश्वरमा व्यावसायिक प्रशिक्षण आयोजना अनि केन्द्र हुँदै **२०५५ साउन १ गतेदेखि ललितपुर सैंबु भैंसेपाटी आफ्नै भवनमा** सरेपछि विभागस्तरीय कार्यालयमा स्तरोन्नति गर्दै आर्थिक वर्ष २०६१।०६२ **व्यावसायिक तथा सिप विकास तालिम निर्देशनालयका रूपमा देशभरमा मातहतमा १२ वटा व्यावसायिक तथा सिप विकास तालिम केन्द्र** रहेको पाइन्छ ।

**निर्देशनालयमा ६७ जना र १२ वटा केन्द्रमा २४५ दरबन्दी** रहेको ठूलो संरचना भएको निर्देशनालयलाई आ व २०६४।०६५(?) देखि **व्यावसायिक तथा सिप विकास तालिम केन्द्र** नामाकरण गरेको र ३ वटा केन्द्र थप गरेको पाइन्छ।

नेपालको परिवर्तित सन्दर्भमा नेपाल सरकारको **२०७५ असोज ५ गतेको निर्णयबाट मातहतका सबै कार्यालयहरू प्रदेश सरकारमा हस्तान्तरण भएको** र भैंसेपाटी, **इटहरी र बुटवल केन्द्रलाई संघीय संरचना भित्र राखेर व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठानका नाममा समानान्तर कार्यालयका रूपमा मिति २०७५।०६।१२ गते स्थापना** भएको ।

**मिति २०७५।०६।१२ बाट विशाल संरचना भएको तालिम केन्द्र भैंसेपाटीमा २१ र इटहरी र बुटवलमा १३।१३ जना दरबन्दी** रहने व्यवस्था गरियो । यसै संरचनामा तीन वटै प्रतिष्ठानमा **नेपाल शिक्षा सेवाको पाठ्यक्रम अधिकृत राख्ने व्यवस्था भए पनि भैंसेपाटीलाई मात्र पाठ्यक्रम बनाउने परिमार्जन गर्ने** अधिकार सहितको संगठन तथा व्यवस्थापन सर्भे गरी दरबन्दी राखेको पाइन्छ ।

नेपाल सरकारबाट **२०८०।०८।११ गते राजपत्रमा प्रकाशित** गरी भैंसेपाटीमा सचिवालय रहने गरी विकास समिति ऐन अन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश बमोजिम केन्द्रिय कार्यालयका रूपमा **राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैंसेपाटी रहने** र **इटहरी र बुटवल व्यावसायिक प्रशिक्षण केन्द्र** नामाकरण गरी मातहतमा राखिएको वर्तमान अवस्था रहेको ।



# विषय प्रवेश

- आर्थिक वर्ष २०३३।०३४ देखि स्थापना भएको संस्थामा पाठ्यक्रम निर्माण गर्ने कुनै संरचनात्मक अभिलेख पाइन्न ।सुनाइमा तत्कालिन दरबारमा केश कर्तन गर्ने व्यक्तिलाई नै संलग्न गराई दुई जना शिक्षकबाट पुतलिसडकमा नेपाली युवाहरूलाई तालिम दिएको मिति २०३५ बैशाख १९ गतेको गोरखापत्रमा प्रकाशित समाचारले पुष्टी गर्छ ।
- व्यावसायिक तथा सिप विकास तालिम सञ्चलान हुन थालेको झण्डै ३० वर्ष पछि मात्र तालिम केन्द्रहरूबाट संचालित विभिन्न सिपमूलक तालिमहरूलाई गुणस्तरीय तथा स्तरीयरूपमा सम्पन्न गरी एकरुपता कायम गर्न भन्दै पहिलो पटक कार्यविधि निर्देशिका २०६३ तयार पारेको पाइन्छ ।


गोरखापत्र

'विकासका लागि संचार'

## कृषि उत्पादन वृद्धिमा विविध उपाय अपनाउन आग्रह

## केश श्रृंगार तालीम निकै लाभदायक

## शिक्षा राज्यमन्त्री-द्वारा कार्यशाला भवन उद्घाटन

## टेण्डर सूचना नं ०३४।३५।२४


नेपाल विद्युत् कर्पोरेशन

## राप्ती अञ्चलको हुलाक संख्यामा विस्तार

## पिछडिएकाजाति सहुलियत दिन

# कार्यविधि निर्देशिका २०६३

- कार्यविधि निर्देशिका २०६३ को दफा ५ मा पाठ्यक्रम विकास शाखा र दफा २० मा पाठ्यक्रम शीर्षक राखेर पाठ्यक्रमको बारेमा उल्लेख गरेको पाइन्छ।
- पाठ्यक्रम विकास शाखाको दुईवटा कार्य उल्लेख गरिएको पाइन्छ ।
    - तालिम कार्यक्रमहरूका लागि आवश्यक पाठ्यक्रमहरू तयार गर्ने ।
    - श्रम बजारको माग अनुसार सम्बन्धित विषयका विज्ञहरू एवं निर्देशनालयमा कार्यरत प्रशिक्षकहरूको सहभागितामा पाठ्यक्रम तर्जुमा गर्ने ।



नेपाल सरकार
श्रम तथा यातायात व्यवस्था मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालय
सैबु, भैंसेपाटी, ललितपुर

कार्यविधि निर्देशिका २०६३

फोन नं : ५५९०८००, ५५९०८०१
फ्याक्स नं : ५५९०८९४

# कार्यविधि निर्देशिका २०६३

- **कार्यविधि निर्देशिका २०६३ को दफा २० मा पाठ्यक्रम शीर्षक राखेर पाठ्यक्रमको बारेमा देहायको कुरा उल्लेख गरेको पाइन्छ।**
    - कार्यक्रम सञ्चालन गर्नु पूर्व निर्देशनालयले प्रत्येक विषय र अवधि अनुसार पाठ्यक्रम निर्माण गर्नु पर्ने छ ।
    - सम्बन्धित शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित विषयका विशेषज्ञह्यरू सदस्य रहने गरी पाठ्यक्रम निर्माण समिति गठन गरिनेछ ।
    - समितिका सदस्यलाई तोकिए बमोजिमको पारिश्रमिक तथा भत्ताको व्यवस्था हुने ।
    - निर्माण गरिएका पाठ्यक्रम परिवर्तित प्रविधिलाई समायोजन गर्दै आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।
    - पाठ्यक्रम निर्माण भै नसकेका तालिम कार्यहरूको लागि तालिम अवधि भर दिइने तालिमका विषयहरूको मोटामोटी रूपरेखा तयार गरी पेश गर्नु पर्नेछ ।



नेपाल सरकार
श्रम तथा यातायात व्यवस्था मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम निर्देशनालय
सैंबु, भैंसेपाटी, ललितपुर

कार्यविधि निर्देशिका २०६३

फोन नं : ५५९०८००, ५५९०८०१
फ्याक्स नं : ५५९०८९४


# कार्यविधि निर्देशिका २०६३

- **कार्यविधि निर्देशिका २०६३ को परिच्छेद ३ मा तालिम कार्यक्रम संचालन कार्यविधि शीर्षकमा देहायका कुरा उल्लेख गरेको पाइन्छ ।**
    - दफा ११ मा आधारभूत (६ महिने अवधिका) सीपमूलक तालिमहरू भनेर क) जनरल मेकानिक्स ख) विद्युत जडान ग) प्लम्बिङ्ग घ) केशश्रृङ्गार ङ) कटाई सिलाई च) इलेक्ट्रोनिक्स मर्मत छ) अटोमेकानिक्स ज) कम्प्युटर झ) पम्पसेट मर्मत ञ) बेतबाँस ट) मोटरसाईकल मर्मत र ठ) वेल्डिङ्ग गरी १२ वटा विषय उल्लेख गरीएको छ।
    - तालिमलाई निरन्तरता दिन वा परिवर्तन गर्नका लागि कम्तीमा हरेक २ वर्षमा प्रत्येक तालिम कार्यक्रमको आवश्यकता र प्रभावकारिता मूल्यांकन (TNA) गर्नुपर्ने उल्लेख छ।




# व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका २०६९

- **यस निर्देशिका नेपाल सरकार (मन्त्री स्तरीय) २०६९।०३।०४ मा स्वीकृत भई परिच्छेद ५ मा पाठ्यक्रमसम्बन्धी व्यवस्था शीर्षकमा देहायका कुरा उल्लेख गरेको पाइन्छ ।**
    - दफा ७मा सबै सिपमूलक तथा उद्यमशीलता विकास तालिम निर्धारित एवं स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन हुने ।
    - पाठ्यक्रम तयार नभएको नयाँ विषयमा तालिम दिनुपर्ने भएमा यस अघि तयार गरिएको वा उपलब्ध पाठ्यक्रमलाई आधार मानी नयाँ पाठ्यक्रम तयार गरी तालुक निकायबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था ।
    - दफा ८ मा पाठ्यक्रम निर्माण र स्वीकृति शीर्षकमा भैंसेपाटी केन्द्रले मात्र पाठ्यक्रम निर्माण र परिमार्जन गरी लागू गर्ने कुरा उल्लेख गर्दै कार्यकारी निर्देशकको संयोजकत्वमा ७ सदस्यीय प्राविधिक समिति गठन गर्ने व्यवस्था रहेको । परिमार्जन प्रत्येक ३ वर्षमा हुने व्यवस्था



# व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका २०६९

- यस निर्देशिकाको दफा ९ मा पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू शीर्षकमा देहायका कुरा उल्लेख गरेको पाइन्छ ।
    - पाठ्यक्रमको
        - ✓ उद्देश्य
        - ✓ लक्ष्य
        - ✓ संरचना
        - ✓ प्रशिक्षकको योग्यता र अनुभव
        - ✓ प्रशिक्षार्थीहरूको समूहमा हुने न्यूनतम् संख्या योग्यता र अनुभव
        - ✓ तालिम अवधि
        - ✓ प्रशिक्षण कार्यमा आवश्यक पर्ने मेशिन औजार तथा सामग्रीहरू
        - ✓ अन्य आवश्यक कच्चा (चालु प्रकृतिका) सामग्री र तिनको परिमाण



नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालीम केन्द्र

व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका
२०६९

ललितपुर, भैंसेपाटी
फोन नं. ५५९०८००,५५९०८०१,५५९०२५४
फ्याक्स नं. ५५९०८९४
इमेल: info@training.gov.np
वेब साईट : www.training.gov.np


# व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका २०६९

- **यस निर्देशिकाको दफा ९ मा पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू शीर्षकमा देहायका कुरा उल्लेख गरेको पाइन्छ ।**
    - **सैद्धान्तिक जानकारी**
        - ✓ **पाठ शीर्षक**
        - ✓ **पाठ्य विषयवस्तु**
        - ✓ **तिनको क्षेत्र र क्रम**
        - ✓ **दिनु पर्ने आवश्यक ज्ञान**
        - ✓ **प्रशिक्षण विधि**
        - ✓ **क्रियाकलाप र सो पाठ शीर्षकको लागि लाग्ने समयावधि**




# व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका २०६९

- यस निर्देशिकाको दफा ९ मा पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू शीर्षकमा देहायका कुरा उल्लेख गरेको पाइन्छ ।
    - व्यवहारिक तथा प्रयोगात्मक सिप
        - ✓ कार्यहरूको पाठ्य विषयवस्तु
        - ✓ तिनको क्षेत्र र क्रम
        - ✓ कार्य चरण
        - ✓ आवश्यक दक्षता र सिक्नु पर्ने विषय र ज्ञान
        - ✓ विशेष ध्यान दिनुपर्ने विषय
        - ✓ प्रशिक्षण विधि क्रियाकलाप
        - ✓ र सो पाठ्यसूचीको लागि लाग्ने समयावधि
    - आन्तरिक मूल्यांकन पद्धति
        - ✓ सैद्धान्तिक र व्यवहारिक
        - ✓ लामो र मध्यमकालीन तालिमको सिप परीक्षणसम्बन्धी बाह्य मूल्यांकन



# व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका, २०७७



व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार

- **यस निर्देशिका को परिच्छेद ५ मा तालिम पाठ्यक्रम सम्बन्धी व्यवस्था शीर्षकमा दफा मा ९ मा पाठ्यक्रम निर्माण परिमार्जन र स्वीकृति शीर्षकमा देहायका कुरा उल्लेख गरेको पाइन्छ ।**
  - **देहायका संस्थाहरूबाट बनेका पाठ्यक्रमको प्रयोग हुन सक्ने व्यवस्था ।**
    - ✓ **VSDTA**
    - ✓ **CTEVT**
    - ✓ **FEB**
    - ✓ **नेपाल सरकारको मान्यता प्राप्त अन्य संस्थाहरूबाट निर्माण भई स्वीकृत भएको पाठ्यक्रम**
  - **पाठ्यक्रम निर्माण र परिमार्जन गर्ने कार्य**
    - ✓ **दफा १० मा भएको पाठ्यक्रम निर्माण तथा परिमार्जन सहजीकरण समितिको**


# व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका, २०७७

- **दफा १० मा भएको व्यवस्था**
  - ✓ **प्रतिष्ठानको कार्यकारी निर्देशक संयोजक रहने ५ सदस्यीय पाठ्यक्रम निर्माण तथा परिमार्जन सहजीकरण समिति रहने व्यवस्था रहेको छ ।**
  - ✓ **जसमा मन्त्रालयको उपसचिव र सिटीइभिटीको अधिकृत कर्मचारी प्रतिनिधि रहने व्यवस्था छ।**
  - ✓ **पाठ्यक्रम परिमार्जनको कार्य सामान्यतः २ वर्षमा गर्नुपर्ने व्यवस्था छ ।**
  - ✓ **कुनै विषयको पाठ्यक्रमको मस्यौदा तयार गर्ने जनशक्ति प्रतिष्ठानमा नभएमा विज्ञको परामर्श सेवा लिई तयार गर्न सकिने ।**
  - ✓ **पाठ्यक्रम तयार नभएको अवस्थामा सहजीकरण समितिले सिफारिस गर्ने व्यवस्था रहेको ।**


व्यावसायिक तथा सीप विकास तालीम सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार


# व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका, २०७७




- **दफा ११ मा पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू शीर्षकमा भएको व्यवस्था**
  - ✓ **पाठ्यक्रमको उद्देश्य**
  - ✓ **लक्ष्य**
  - ✓ **संरचना**
  - ✓ **प्रशिक्षकको योग्यता र अनुभव**
  - ✓ **प्रशिक्षार्थीहरूको समूहमा हुने न्यूनतम संख्या योग्यता र अनुभव**
  - ✓ **तालिम अवधि**
  - ✓ **प्रशिक्षण कार्यमा आवश्यक पर्ने मेशिन औजार तथा सामग्रीहरू**
  - ✓ **अन्य आवश्यक कच्चा चालु प्रकृतिका सामग्री र तिनको परिमाण**

# व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका, २०७७

- **दफा ११ मा पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू शीर्षकमा भएको व्यवस्था**
  - ❑ **सैद्धान्तिक जानकारी**
  - ✓ **पाठ शीर्षक**
  - ✓ **पाठ्य विषयवस्तु**
  - ✓ **तिनको क्षेत्र र क्रम**
  - ✓ **दिनुपर्ने आवश्यक ज्ञान**
  - ✓ **प्रशिक्षण विधि**
  - ✓ **क्रियाकलाप र सो पाठ शीर्षकको लागि लाग्ने समयावधि**




व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार

# व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका, २०७७


- **दफा ११ मा पाठ्यक्रममा समावेश हुनुपर्ने विषयहरू शीर्षकमा भएको व्यवस्था**
  - ❑ **व्यावहारिक तथा प्रयोगात्मक सिप**
  - ✓ **कार्यहरूको पाठ्य विषयवस्तु**
  - ✓ **तिनको क्षेत्र र क्रम**
  - ✓ **कार्य चरण**
  - ✓ **आवश्यक दक्षता र सिक्नु पर्ने विषय ज्ञान**
  - ✓ **विशेष ध्यान दिनु पर्ने विषय**
  - ✓ **प्रशिक्षण विधि**
  - ✓ **क्रियाकलाप तथा सो पाठ्यसूचीको लागि लाग्ने समय अवधि**
  - ❑ **आन्तरिक मूल्यांकन पद्धति**
  - ✓ **सैद्धान्तिक र व्यवहारिक**
  - ✓ **सिप परीक्षण सम्बन्धी बाह्य मूल्यांकन**


व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार

# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०

- **दफा ३ मा समितिको गठन शीर्षकमा भएको व्यवस्था**
  - **श्रम सचिवको अध्यक्षतामा अर्थ, शिक्षा, उद्योग र श्रमका सहसचिव, श्रम विभागका महानिर्देशक, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक, अध्यक्षले मनोनित गर्ने श्रम रोजगार रतालिम सम्बन्धी विज्ञ १ जना महिला पर्ने गरी २ जना, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका प्रतिनिधिहरू १।१ जना र कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी १३ सदस्यीय राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन हुने व्यवस्था रहेको छ ।**
  - **दफा ४ मा समितिको काम कर्तव्य र अधिकार**
    - **ङ) समितिले सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमको लागि पाठ्यक्रम तथा मापदण्ड स्वीकृत गर्ने**
    - **ट) समितिले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रममा सहभागीको सिप परीक्षण स्तरीकरण तथा प्रमाणीकरण गर्ने गराउने ।**
    - **ढ) श्रम प्रधान तालिम संस्थाको पाठ्यक्रम र तालिम अवधि निर्धारण गर्ने तथा त्यस्था संस्थाले दिएको तालिमको परीक्षण गर्ने ।**



खण्ड ७३) सङ्ख्या ३९ नेपाल राजपत्र भाग ३ मिति २०८०।०८।११

**भाग ३**

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

सूचना

**राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त गरिएको वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ।


(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रशिक्षण" भन्नाले स्वदेश वा विदेशमा रोजगारीका लागि उपयोगी हुने विभिन्न विषय (ट्रेड) का निर्धारित पाठ्यक्रम अनुसारका छ

२४

# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०

- **दफा १७ मा समितिले नियम निर्देशिका कार्यविधि बनाउन सक्ने शीर्षकमा भएको व्यवस्था**
  - **आदेशको कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भए पछि लागू हुनेछ ।**



खण्ड ७३) संख्या ३९ नेपाल राजपत्र भाग ३ मिति २०८०।०८।११

**भाग ३**

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

सूचना

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त गरिएको वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।


(घ) "प्रशिक्षण" भन्नाले स्वदेश वा विदेशमा रोजगारीका लागि उपयोगी हुने विभिन्न विषय (ट्रेड) का निर्धारित पाठ्यक्रम अनुसारका छ


२४

- **हाल यो प्रकृया अर्थमन्त्रालयमा पुगेको र छिटै नियमावली स्वीकृत भई लागू हुने विश्वास लिइएको छ । त्यति वेलासम्म पुरानो निर्देशिका र समितिको निर्णय अनुसार गर्ने गरिएको छ ।**

# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू


- पाठ्यक्रम निर्माण गरी प्रकाशन गरिएका केही थान पाठ्यक्रम प्रतिष्ठानमा रहे पनि सो सम्बन्धी काम कार्वाही भए गरेका कुनै पनि अभिलेख पाउन सकिन्न ।
- व्यावसायिक तथा सिप विकास तालिम केन्द्र र श्रम विभागबाट छुट्टाछुट्टै समिति गठन गरी पाठ्यक्रम निर्माण भएको देखिन्छ ।
- श्रम विभागमा **रोजगार बिनिमय सेवा आयोजना** मार्फत पाठ्यक्रम विकास गरी २०५२ साल देखि पाठ्यक्रम बनाएको प्रकाशित पाठ्यक्रम प्रतिष्ठानमा रहेको पाइन्छ ।
- रोजगार विनिमय सेवा आयोजनाले २०५२ देखि २०६१ सम्म श्रृङ्खलाबद्ध रूपमा पाठ्यक्रम निर्माण गरेको अवशिष्ट अभिलेखका रूपमा पाठ्यक्रमहरू पाइन्छन् ।
- पाठ्यक्रममा संशोधित लेखेबाट यस अगाडि पनि पाठ्यक्रम बनेको अनुमान सम्म त गर्न सकिन्छ तर प्रमाण पाउन कठिन ।




# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू


- २०६३ अगाडि सचिवस्तरीय निर्णयबाट पाठ्यक्रम निर्माण निर्देशन मूल समिति प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा घरेलु तथा साना उद्योग विभाग श्रम मन्त्रालय श्रम विभाग सिटीइभिटी तथा प्रशिक्षण गर्ने संस्थाबाट अधिकृत प्रतिनिधि सहित ७ सदस्यीय समिति रहने व्यवस्था देखिन्छ ।भने मूल समितिको सदस्य सचिवको संयोजकत्वमा विज्ञहरू र कम्प्युटर अपरेटर समेत सम्मिलित ७ सदस्यीय पाठ्यक्रम निर्माण कार्यसमिति गठन गरी काम गर्ने गरेको पाइन्छ ।
- प्रतिष्ठानको लागि पहिलो पटक कार्यविधि निर्देशिका २०६३ तयार पारे पछि पाठ्यक्रम विकास शाखाको संयोजकत्वमा सम्बन्धित विषयका विशेषज्ञहरू सदस्य रहने गरी पाठ्यक्रम निर्माण समिति गठन  गर्ने व्यवस्था रहेको ।




# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू


- कार्यविधि निर्देशिका २०६३ तयार पारे पछि निर्माण भएको पाठ्यक्रम पाउन सकिन्न भने आर्थिक वर्ष २०६३।६४ मा विषयगत मेनुअल र नर्म्स बनाउने लक्ष्य बमोजिम केही थान विषयगत मेनुअल र नर्म्स बनाएको पाइन्छ ।




# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

- **व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका २०६९** मन्त्रीस्तरीय निर्णयबाट २०६९।०३।०४ मा स्वीकृत भए पछि सोही निर्देशिकामा निर्माण र परिमार्जन गर्ने पाठ्यक्रम प्राविधिक समितिको निर्णयले निर्धारण गर्ने व्यवस्था उल्लेख भएको र उक्त प्राविधिक समितिमा कार्यकारी निर्देशक संयोजक र श्रम मन्त्रालय उद्योग वाणिज्य संघ र श्रमिकहरूको ट्रेड युनियनको प्रतिनिधि र सम्बन्धित विज्ञहरूसहित ७ सदस्य रहने व्यवस्था भएको
- ललितपुर भैसेपाटी केन्द्रले पाठ्यक्रमको मस्यौदा पाठ्यक्रम शाखा मार्फत आफै तयार गर्नुपर्ने उल्लेख छ ।
- जनशक्ति केन्द्रमा नभएमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित कानूनको प्रकृया अनुसार परामर्श सेवा लिई तयार गर्न सकिने उल्लेख छ ।
- केन्द्रमा तयार नभएको र बजार माग अनुसार कुनै विषयको तालिम सञ्चालन गर्नु पर्दा तालिम सञ्चालन गर्ने निकायबाट पाठयोजनासहितको पाठ्यक्रम र पाठ्यविषयवस्तु माग गरी प्राविधिक समितिले सिफारिस गरेमा सो पाठ्यक्रमको आधारमा तालिम सञ्चालनको स्वीकृति दिन सकिने उल्लेख छ ।



# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू


- **व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका २०७७ मिति २०७७।०८।२३मा** जारी भए पछि उक्त निर्देशिकाको दफा १० मा पाठ्यक्रम निर्माण तथा परिमार्जन सहजीकरण समिति गठन गर्ने प्रावधान छ ।
- उक्त समितिमा कार्यकारी निर्देशक संयोजक र श्रम मन्त्रालयको उपसचिव कार्यकारी निर्देशकले तोकेको विषयविज्ञ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको प्रतिनिधि सदस्य र प्रतिष्ठानको निर्देशक सदस्य सचिव रहने गरी ५ सदस्य समिति बनाउने व्यवस्था छ ।
- यसै निर्देशिकामा कुनै विषयको पाठ्यक्रमको मस्यौदा तयार गर्ने जनशक्ति प्रतिष्ठानमा नभएमा विज्ञको परामर्श सेवा लिई तयार गर्न सकिने कुरा उल्लेख छ ।


व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार

# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

- २०७७ सालमा निर्देशिका जारी भएपछि समितिको बैठकबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत मन्त्रालयले परामर्श सेवा मार्फत मस्यौदा प्राप्त गरी निर्माण गरेका 6 वटा पाठ्यक्रम र प्रतिष्ठानले डिजिटल मार्केटिङ को पाठ्यक्रम २०७८।११।०१गते सिफारिस गरेको र सोही सिफारिसमा प्रतिष्ठानले स्वीकृत गरेको देखिन्छ ।
- २०७९ सालमा कुनै पाठ्यक्रम निर्माण हुन सकेन ।



# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

- २०८० मा निर्माण भएका ५ वटा पाठ्यक्रम २०७७को निर्देशिका बमोजिम विज्ञ परामर्श सेवा मार्फत मस्यौदा प्राप्त गरी राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश २०८० बमोजिम समितिको मिति २०८०।११।१४ गतेको बैठकबाट ३ वटा र मिति २०८१।०४।०२ गतेको बैठकबाट २ वटा पाठ्यक्रमलाई स्वीकृति प्रदान गरेको पाइन्छ ।



# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

- आर्थिक वर्ष २०८१।०८२ का लागि स्वीकृत कार्यक्रम बमोजिम निर्माण गरिने पाठ्यक्रमको हकमा समितिबाट प्रतिष्ठानले निर्माण र परिमार्जन गर्ने पाठ्यक्रमका विषयहरू निर्धारण गर्ने कार्यको सुरूवात गरिएको छ ।
- सम्बन्धित रोजगारदाताको संलग्नतामा पाठ्यक्रम निर्माण गर्दा रोजगारदाताको आवश्यकता अनुसार बन्ने र आफै संलग्न भई बनाएको पाठ्यक्रममा अपनत्व समेत रहेने विश्वासका साथ समितिले संघमहासंघको संयोजनमा पाठ्यक्रम मस्यौदा समिति गठन गर्ने अभ्यास सुरू गरिएको छ ।

# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिको मिति २०८१।०९।१५ गतेको निर्णयानुसार रोजगारदाताहरूलाई समेत संलग्न गराई पाठ्यक्रम विकास गर्ने उद्देश्यले स्वीकृत गरेको पाठ्यक्रम मस्यौदा उपसमिति गठन गर्ने प्रकृया

| क | रोजगारदाताहरूको केन्द्रीय वैधानिक संघ/महासंघले सिफारिस गरेको विज्ञ सदस्य वा कम्तिमा ५ वर्ष सोही क्षेत्रमा काम गरेको विज्ञ मध्येबाट प्रतिष्ठानले तोकिएको विपय विज्ञ १ जना | संयोजक |
|---|---|---|
| ख | मान्यता प्राप्त संस्थाबाट सम्बन्धित ट्रेड(विषय) सिप तह ३ वा सोसरह उत्तीर्ण भएको वा सोही विषयमा छोटो अवधिको तालिममा संलग्न भई कम्तिमा ३ वर्षको प्रशिक्षण गरी सो विषयको ज्ञान भएको वा वैदेशिक रोजगारीमा गएर सोही ट्रेड(विषय)मा २ वर्ष काम गरी फर्केका व्यक्तिहरू मध्येबाट संयोजकसँगको समन्वयमा प्रतिष्ठानले तोकेको विषय विज्ञ २ जना | सदस्य १<br>सदस्य २ |
| ग | राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमा पाठ्यक्रम हेर्ने शाखा अधिकृत | सदस्य |
| घ | कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको शाखा अधिकृत वा सोसरहको कर्मचारी १ जना | सदस्य सचिव |

# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

समितिबाट निर्णय अनुसार पाठ्यक्रम मस्यौदा उपसमिति गठन गर्ने प्रकृया अपनाएर हाल सम्म प्रतिष्ठानले होटल संघ नेपालको सिफारिसमा टेकबहादुर महत र समिति सदस्य इन्दिरा शर्माको नेतृत्वमा दुईवटा देहाय विषयक्षेत्रको पाठ्यक्रम मस्यौदा उपसमिति निर्माण गरिसकेको छ।

- पर्यटन तथा आतिथ्यता क्षेत्रका विषयहरूको पाठ्यक्रम मस्यौदा उपसमिति
  - ✓ बारिष्ता
  - ✓ वेटर।वेट्रेस
  - ✓ होटल प्राविधिक
  - ✓ कमीस ३
- केयरगिभिर विषयको पाठ्यक्रम मस्यौदा उपसमिति
  - ✓ केयर गिभर

# पाठ्यक्रम विकासमा भए गरिएका अभ्यासहरू

समितिबाट निर्णय अनुसार पाठ्यक्रम मस्यौदा उपसमिति गठन गर्ने प्रकृया अपनाएर प्रतिष्ठानले नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल तयारी पोशाक उद्योग संघ, नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल, कम्प्युटर एशोसिएसन नेपाल महासंघ सँग पनि पत्राचार भई गठन प्रकृया अगाडि बढी सकेको र देहायका पाठ्यक्रम बनाउने तयारी गरिएको छ ।

- नेपाल निर्माण व्यवसायी महासंघ
  - ✓ प्लम्बिङ्ग
- नेपाल तयारी पोशाक उद्योग संघ
  - ✓ कटाइसिलाई (साधारण तर्फ)
  - ✓ गार्मेन्ट मेशिन अपरेटर (उद्योग तर्फ)
- नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल
  - ✓ ठूला सवारी चालक
  - ✓ विद्युतीय गाडि मर्मतकर्ता
- कम्प्युटर एशोसिएसन नेपाल महासंघ
  - ✓ मोवाइल मर्मत
  - ✓ ल्यापटप मर्मत

# पाठ्यक्रम विकासमा सिटिइभिटीको व्यवस्था

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन २०४५
  - ✓ दफा ६ ८ मा सिप विकासको निमित्त दिइने व्यावसायिक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरे बमोजिम लागू गर्ने गराउने ।
- छोटो अवधिको सिपमूलक तालिम सञ्चालन कार्यविधि २०७७
  - ✓ परिषदको स्वीकृत पाठ्यक्रमबाट सञ्चालन गर्नुपर्ने ।
  - ✓ तयार नभएको नयाँ विषयमा प्रदेश कार्यालयको अनुरोधमा पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले तयार गरी तालिम सञ्चालन गर्ने सकिने ।
  - ✓ जीविकोपार्जन सम्बन्धी तालिम कार्यक्रमहरू सम्बन्धित विषयको पाठ्यक्रमबाट विषयवस्तु लिई परिषद कार्यालयले तोकिदिएको खाका।प्रारूप बमोजिम तयार पारेको स्थानीय पाठ्यक्रम प्रदेश परिषद कार्यालयबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने ।
- पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली, २०८०
  - सिटिइभिटीले निर्माण तथा परिमार्जन गर्ने सबै प्रकारका पाठ्यक्रमहरूको लागि यो विनियमावली बनाएको पाइन्छ ।
  - यसको प्रस्तावनामा प्रविधिसँग परिचित सीपयुक्त,उत्पादनशील र नवप्रवर्तनशील जनशक्ति उत्पादनको लागि आवश्यक पर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमसँग सम्बन्धित पाठ्यक्रम निर्माण गर्ने कुरा उल्लेख गरिएको छ ।

# पाठ्यक्रम विकासमा सिटिइभिटीको व्यवस्था

- पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण विनियमावली, २०८०
  - ✓ विनियम ४ मा उपाध्यक्षको अध्यक्षतामा सदस्य सचिव तथा शिक्षा श्रम भौतिक र स्वास्थ्य मन्त्रालयका योजना हेर्ने सहसचिव पाविकेका महानिर्देशक पाविके प्रमुख त्रिविवि परीक्षा नियन्त्रक सिटिइभिटी निर्देशक एनएसटीवि मनोनित आंगिक शिक्षालय प्रमुख रोजगारदाता मध्ये मनोनित १ जना सदस्य रहने र पाठ्यक्रम तथा समकक्षता निर्धारण महाशाखा निर्देशक सदस्य सचिव भएको १३ सदस्य पाठ्यक्रम निर्धारण समितिको गठन हुने व्यवस्था राखिएको छ ।
  - ✓ विनियम ६ मा महाशाखा निर्देशकको संयोजकत्वमा रोष्टरमा रहेका र संयोजकले तोकेका बढीमा ३ जना सम्बन्धित विषय विज्ञ र महाशाखाको अधिकृत कर्मचारी सदस्य रहने गरी ५ सदस्यीय प्राविधिक उपसमिति गठन हुने व्यवस्था गरिएको छ ।
  - ✓ प्राविधिक उपसमिति विधाका आधारमा एक भन्दा बढी हुनसक्ने भनिएको छ ।
  - ✓ विनियम ८ मा महाशाखा निर्देशकले तोकेको अधिकृत कर्मचारीको संयोजकत्वमा कम्तिमा ५ वर्ष कार्य अनुभव भएका विषयविज्ञहरू मध्ये निर्देशकले मनोनित गरेका ३ जना र प्राविधिक शिक्षालय वा तालिम प्रदायक संस्थामा प्रशिक्षण कार्यमा कम्तिमा ३ वर्ष कार्य अनुभव भएका विज्ञहरू मध्ये निर्देशकले मनोनित गरेका दुई जना र निर्देशकले तोकेको अधिकृत कर्मचारी सदस्य सचिव रहने गरी ७ सदस्यीय विषय उपसमिति गठन गर्ने व्यवस्था रहेको छ ।
  - ✓ विनियम १० मा पाठ्यक्रम निर्माण तथा परिमार्जन सम्बन्धी प्रारम्भिक कार्य गर्न मस्यौदा तयारीका लागि निर्देशकले तोकेको महाशाखाको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा सम्बन्धित कार्यक्रमको विषयको संख्या बमोजिम विषय विज्ञ सहितको मस्यौदा कार्यटोली गठन गर्ने व्यवस्था रहेको छ ।

# पाठ्यक्रम विकासका क्रममा भए गरेका कार्यको समालोचक चेतमा आफ्ना भनाई

- ❑ २०३३।३४ आर्थिक वर्षदेखि तालिम सुरू भए पनि अभिलेखीकरणको अभावमा यथार्थ जानकारी हुन नसके पनि केही सुनाइ र तथ्यले अनुमान लगाउन सकिने अवस्था रहेको छ ।
- ❑ विभिन्न स्थानमा रहेर सेवा पुर्याएको यस प्रतिष्ठानले २०५५ साल श्रावण १ गते देखि मात्र आफ्नै भवन प्राप्त गरेको पाइन्छ ।
- ❑ देशका विभिन्न १२ जिल्लामा विस्तार भएको र ३०० भन्दा बढी दरबन्दी रहेको ठूलो संरचना भएको यो प्रतिष्ठान संघीयता आएपछि खुम्चेको पाइन्छ ।
- ❑ २०६३ मा आएर मात्र कार्यविधि निर्देशिका बनाएर पाठ्यक्रम निर्माण गर्ने समिति गठन गर्ने व्यवस्था गरेको पाइन्छ ।
- ❑ २०६९ सालको निर्देशिकाले अलिक व्यवस्थित रूपमा पाठ्यक्रमको खाका समेत उल्लेख गरेको पाइन्छ ।

# पाठ्यक्रम विकासका क्रममा भए गरेका कार्यको समालोचक चेतमा आफ्ना भनाई

- २०७७ सालको निर्देशिकाले पनि सहजीकरण समिति गठन गर्ने व्यवस्था गरेको पाइन्छ ।
- कुनै पनि निर्देशिकामा स्पष्ट रूपमा पाठ्यक्रम निर्माण र परिमार्जनको सैद्धान्तिक अवधारण आत्मसात नगरी तत्कालको समस्या समाधान गर्ने र व्यक्तिको सहजताका साथ तदर्थवादलाई संगालेको देखिन्छ ।
- मन्त्रालयले तथा प्रतिष्ठान स्वयम् ले पनि पाठ्यक्रम निर्माण र परिमार्जनमा विज्ञ आवश्यक पर्छ भन्ने महसुस गरेको तर त्यो कसरी उपयुक्त र प्रभावकारी हुन्छ भन्ने प्राविधिक ज्ञानबाट नभई प्रशासनिक व्यवस्थापनबाट हेरिएको पाइन्छ ।
- २०७७ सालको निर्देशिकामा पाठ्यक्रम कसले स्वीकृत गर्ने भन्ने समेत खुलाइएको पाइँदैन ।
- पाठ्यक्रम निर्माण तथा परिमार्जन सहजीकरण समितिमा पाठ्यक्रम अधिकृत सदस्य सचिव राखेर गर्नुपर्ने त्यो राखेको पाँइदैन ।

# पाठ्यक्रम विकासका क्रममा भए गरेका कार्यको समालोचक चेतमा आफ्ना भनाई

- पाठ्यक्रम निर्माण श्रम मन्त्रालय श्रम विभाग वैदेशिक रोजगार बोर्ड लगायतका सबै निकायमा वेग्लावेग्लै समिति गठन गरी निर्माण गरेको पाइन्छ । एउटै मन्त्रालय अन्तर्गतका विभिन्न निकायबाट पाठ्यक्रम विकास गरिनु र एकरूपता कायम गर्न नसकेको यथार्थ स्वीकर्नु पर्दछ ।
- कार्यविधि निर्देशिकामा जे जस्तो व्यवस्था भए पनि सो अनुसारको खाकामा पाठ्यक्रम निर्माण भएको पाइँदैन ।
- श्रम विभागमा रहेको रोजगार विनिमय आयोजनाले २०५२ देखि ६१ सम्म झण्डै ९० जति पाठ्यक्रम श्रङ्खलामा पाठ्यक्रम निर्माण गरेर पछि आयोजनाका कर्मचारी नै प्रतिष्ठानमा हस्तान्तरण गरेको र सोही आयोजनामा कार्यरत अर्थशास्त्रीले पाठ्यक्रमको सहजीकरण गरेको देखिन्छ ।

# पाठ्यक्रम विकासका क्रममा भए गरेका कार्यको समालोचक चेतमा आफ्ना भनाई

- पाठ्यक्रम निर्माण गर्दा शुरूमा पाठ्यक्रम मस्यौदा टोली विषय समिति प्राविधिक समिति र स्वीकृत गर्ने समिति न्यूनतम् आवश्यकता हो । विषयगत रूपमा वेग्लावेग्लै समिति गठन गर्ने प्राविधिक कुरालाई प्रशासनिक नजरले हेर्दा सो किसिमको समितिहरू निर्माण भएको पाइन्न ।
- पाठ्यक्रममा आयोजनाले हस्तान्तरण गरेको सिप अनुसार पाठ्यक्रम निर्माण भएको देखिन्छ तर सैद्धान्तिक आधारको उपयुक्त व्याख्या पाँइदैन ।
- आफ्नो मातहतको निकायका रूपमा पाठ्यक्रम विकास गरी तालिमको क्षेत्रमा स्थापित भई सकेको प्रतिष्ठानलाई मन्त्रालय अन्तर्गतका ऐन नियम बनाउँदा विर्सिएको पाइन्छ । सिटिइभिटीको प्रतिनिधि राखेको ठाउँमा सोही प्रकृतिको प्रतिष्ठानको उल्लेख समेत गरेको पाइँदैन । सायद निजामति कर्मचारी बाहिरका प्रतिष्ठानमा रहने भएकोले हो की ।

# निष्कर्ष

- ❑ राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश २०८० आए पछि र त्यसमाथि कार्यकारी निर्देशक ४ वर्षे नियुक्त भए पछि आशाको संचार भएको महशुस गर्न सकिन्छ ।
- ❑ अझै पनि समयमै नियमावली बन्न नसक्नु आफ्नै कोष स्थापना गराएर कार्यान्वयनमा ल्याउन ढिलाई हुनु चुनौतिका रूपमा लिएर अवसरमा बदल्न सके उज्वल भविष्यको कामना गर्न सकिन्छ ।
- ❑ समितिको निर्णयबाट भए पनि पाठ्यक्रममा रोजगारदाताहरू संलग्न गराएर उनीहरूको नेतृत्वमा पाठ्यक्रम निर्माण र परिमार्जन गर्ने कार्यको शुरूवात गरिएको सुखद मान्नु पर्दछ।
- ❑ बजेटको सिमितता भित्र र बाह्य मूलुकको सफल अनुभव विना पनि पाठ्यक्रम निर्माण र परिमार्जन रोजगारदाताको आवश्यकतामा निर्माण हुनेमा आशावादी बन्न सकिने विश्वास जागेको छ ।

सुनेर प्रतिकृया दिएर साथ दिनु भएको मा यहाँ हरूलाई

# धन्यवाद

